सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनामा प्रदेश तथा स्थानीय तहमा कार्यरत सहायक स्तर पाचौ तथा अधिकृतस्तर छैठौं तहका कर्मचारिहरुका लागि " **कार्यालय कार्यविधि तथा व्यवस्थापन विषयक**" सम्वन्धी ३० कार्यदिन सेवाकालिन प्रशिक्षण मिति २०८२ माघ २८ गते प्रतिष्ठान पुन्ना, डोटीको सभाकक्षमा समापन भएको छ । सेवाकालिन प्रशिक्षण मित २०८२ पौष २४ गते शुरु भएको थियो । प्रदेश तथा स्थानीय तहमा कार्यरत सहायक स्तर पाचौ तथा अधिकृतस्तर छैठौं तहका २९ जना कर्मचारिहरुको सहभागिता रहेको थियो ।

समापन कार्यक्रममा जिल्ला समन्वय समिति डोटीका प्रमुख श्री लक्ष्मण बहादुर सिंह, डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे (नेपाल)ले सहभागिहरुले तालिममा सिकेका कुराहरुलाइ व्यवहारमा प्रयोग गरि कार्य सम्पादन तथा सेवा प्रवाहमा सकारात्मक भूमिका सेवाकालिन प्रशिक्षणले गर्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

समापन कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बमले कार्यालय व्यवस्थापनका आधारभूत कार्यहरु गर्न, सरकारी वित्त व्यवस्थापनका आधारभूत कार्यहरु सहित सार्बजनिक सेवा प्रवाहलाइ प्रभाबकारी बनाउन, कार्य सम्पादनलाइ प्रभाब पार्ने तत्वहरु पहिचान गरी तीनलाइ सकारात्मक बनाइ प्रयोग गर्न छलफलका माध्यमद्वारा यी विषयहरुलाई आत्मसात् गराउनमा सहयोग पुग्ने विश्वासका साथ सहभागिहरुले तयार गर्नु भएको कार्ययोजना आफनो कार्यक्षेत्रमा लागु गर्न आग्रह गर्नु भएको थियो ।






संघ, प्रदेश तथा स्थानीयतहमा कार्यरत अधिकृतस्तर छैठौं
सहायकस्तर पाँचौं तहका कर्मचारीहरूका लागि
सेवाकालिन तालिम
२०८२ पौष २४ गते देखि (३० कार्यदिन)
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
धुनगढी, डोटी
SHOT ON POCO X3 NFC
02/01/2026 09:35